आज मिति २०८० साल कार्तिक २० गते सोमवारका दिन प्यूठान नगरकार्यपालिकाको १०८औं ठक नगर प्रमुख श्री विष्णु वहादुर योगी ज्यूको अध्यक्षता र निम्न पदाधिकारीहरुको उपस्थितिमा वसी म्न बमोजिमको निर्णयहरु गरियो।

उपस्थिति :

| ्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री विष्णु वहादुर योगी | नगर प्रमुख | |
| | श्री देवेन्द्र वर्मा | नगर उप प्रमुख | |
| | श्री भुवनेश्वर लम्साल | का.वा.१ नं. वडा अध्यक्ष | |
| | श्री मोहन सिँह विष्ट | २ नं. वडा अध्यक्ष | |
| | श्री सुमन श्रेष्ठ | ३ नं. वडा अध्यक्ष | |
| | श्री रेशम वहादुर कार्की | ४ नं. वडा अध्यक्ष | |
| | श्री नन्दे पुन मगर | ५ नं. वडा अध्यक्ष | |
| | श्री नरेन्द्र पुन | ६ नं. वडा अध्यक्ष | |
| | श्री नेत्र वहादुर के.सी. | ७ नं. वडा अध्यक्ष | |
| ० | श्री पदम वहादुर थापा | ८ नं. वडा अध्यक्ष | |
| १ | श्री विकास के.सी. | ९ नं. वडा अध्यक्ष | |
| २ | श्री लोक वहादुर के.सी. | १० नं. वडा अध्यक्ष | |
| ३ | श्री गायत्री रावत | कार्यपालिका सदस्य | |
| ४ | श्री गिता भण्डारी | कार्यपालिका सदस्य | |
| ५ | श्री दुर्गा के.सी. | कार्यपालिका सदस्य | |
| ६ | श्री शान्ता खड्का मगर | कार्यपालिका सदस्य | |
| ७ | श्री लाली घर्ति मगर | कार्यपालिका सदस्य | |
| ८ | श्री काली वहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री सुनिल सापकोटा | कार्यपालिका सदस्य | |
| ० | श्री मिन वहादुर सार्की | कार्यपालिका सदस्य | |
| १ | श्री भीष्म कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | |
| .२ | श्री सविता विष्ट | ५ · पाँचौं | |

अनुसुची –२

प्रस्ताव नं. १

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्बिनी प्रदेश।

**विषयः भुकम्पबाट मृत्यु भएका प्रति श्रद्धाञ्जली तथा घाईतेहरुको स्वास्थ लाभको कामना सम्बन्धमा।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०७/१९

**१. विषयको संक्षिप्त व्यहोराः**–मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट मृत्यु हुने सम्पूर्णमा श्रद्धाञ्जली व्यक्त गर्ने।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**– मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट सिङ्गो मुलुकनै शोकमग्न भएको अवस्थामा मृतकहरुप्रति श्रद्धाञ्जली तथा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्नु सबै नेपालीको दायित्व हो।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः**–।

**४. निर्णय हुनु पर्ने व्यहोरा :**– मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट सिङ्गो मुलुकनै शोकमग्न भएको अवस्थामा मृतकहरुप्रति श्रद्धाञ्जली तथा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय हुनु पर्ने ।

**नगरकार्यपालिकाको निर्णय :-**

मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट सिङ्गो मुलुकनै शोकमग्न भएको अवस्थामा मृतकहरुप्रति श्रद्धाञ्जली तथा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

नगर प्रमुख

अनुसुची –२

प्रस्ताव नं. २

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्बिनी प्रदेश ।

**विषय: भूकम्प प्रभावित जिल्ला जाजरकोट तथा रुकुम पश्चिमलाई सहयोग प्रदान सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०७/१९

१) **विषयको संक्षिप्त व्यहोरा:–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट क्षतिग्रस्त जिल्लाहरु जाजरकोट र रुकुम पश्चिमलाई नगरपालिकाले आफूसंग भएको बिभिन्न श्रोतबाट राहत सहयोग गर्नुपर्ने ।

२) **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट क्षतिग्रस्त जिल्लाहरु जाजरकोट र रुकुम पश्चिमलाई नगरपालिकाले आफूसंग भएको बिभिन्न श्रोतबाट राहत सहयोगका लागि श्रोतको व्यवस्था गरी सक्दो राहत उपलब्ध गराउनु पर्ने

३) **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–** नगरपालिकामा रहेको विपद् कोषबाट केही रकम छुट्याउन सकिने र बाँकी रकमको लागि कार्यपालिका सदस्यहरुको सेवा सुविधा तर्फबाट रकम व्यवस्था गर्न सकिने ।

४) **निर्णय हुनुपर्ने व्यहोरा :–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट क्षतिग्रस्त जिल्लाहरु जाजरकोट र रुकुम पश्चिमलाई राहत स्वरुप उपलब्ध गराउने रकम मध्ये ५ लाख नगरपालिकाको विपद् व्यवस्थापन कोष तथा बाँकी रकम प्रत्येक कार्यपालिका सदस्यहरुको १५ दिनको सेवा सुविधाबापत हुने रकम उठाई एकमुष्ठ रकम राहत वितरणको लागि व्यवस्थापन गर्नुपर्ने ।

५) **नगरकार्यपालिकाको निर्णय :–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट क्षतिग्रस्त जिल्लाहरु जाजरकोट र रुकुम पश्चिमलाई राहत स्वरुप उपलब्ध गराउने रकममध्ये ५ लाख नगरपालिकाको विपद् व्यवस्थापन कोष तथा बाँकी रकम प्रत्येक कार्यपालिका सदस्यहरुको १५ दिनको सेवा सुविधाबापत हुने रकम उठाई एकमुष्ठ रकम राहत वितरणको लागि व्यवस्थापन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

अनुसुची –२

प्रस्ताव नं. ३

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश ।

**विषय: नगरपलिका भित्र भएको विपद्जन्य क्षतिको विवरण संकलन गर्ने सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०७/१९

१) **विषयको संक्षिप्त व्यहोरा:–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट पश्चिम नेपालका जिल्लाहरु प्रभावित भएकोले सो भुकम्पबाट यस पालिकामा पुगेको क्षतिको विवरण संकलन गरी आवश्यक कार्यहरु अगाडि बढाउनुपर्ने ।

२) **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट पश्चिम नेपालका जिल्लाहरु प्रभावित भएकोले सो भुकम्पबाट यस पालिकामा पुगेको क्षतिको विवरण संकलन प्रभावित व्यक्तिहरुको लगत संकलन गर्ने ।

३) **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–**

४) **निर्णय हुनुपर्ने व्यहोरा :–** मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्पबाट पश्चिम नेपालका जिल्लाहरु प्रभावित भएकोले सो भुकम्पबाट यस पालिकामा पुगेको क्षतिको विवरण १० दिन भित्र ( मिति २०८० मार्ग ) भित्र संकलन गर्ने निर्णय हुनुपर्ने ।

५) **नगरकार्यपालिकाको निर्णय**:- मिति २०८० कार्तिक १७ गते सुक्रवार राती ११:४७ बजे जाजरकोट केन्द्रबि भई गएको भुकम्पबाट पश्चिम नेपालका जिल्लाहरु प्रभावित भएकोले सो भुकम्पबाट यस पालिकामा पुगे क्षतिको विवरण १० दिन भित्र ( मिति २०८० मार्ग ) भित्र संकलन गर्ने निर्णय सर्वसहमतिबाट गर्ने निर्णत गरिये

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

२०८०।७।१९

**नगर प्रमुख**

अनुसुची –२

प्रस्ताव नं. ४

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश ।

**विषय: मनसुनजन्य, आगलागी, बाढि पहिरो, डुवान र भुकम्प लगायतका विपद् उद्धारका सामाग्री खरिद ।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०७/१५

**१.विषयको संक्षिप्त व्यहोरा:–** प्यूठान नगरपालिका भौगोलिक हिसावले मनसुनजन्य, आगलागी, बाढि पहिरो, डुवान र भुकम्प लगायतका विपद्‌हरुको जोखिम क्षेत्रमा पर्दछ तसर्थ विपद्को पूर्वतयारी स्वरुप उद्धार समाग्री खरिद गर्नुपर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** प्यूठान नगरपालिका भौगोलिक हिसावले मनसुनजन्य, आगलागी, बाढि पहिरो, डुवान र भुकम्प लगायतका विपद्‌हरुको जोखिम क्षेत्रमा पर्दछ तसर्थ विपद्को पूर्वतयारी स्वरुप उद्धार समाग्री तयार हुनुपर्ने र उद्धारको लागि तयार हुनुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–**

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** मनसुनजन्य, आगलागी, बाढि पहिरो, डुवान र भुकम्प लगायतका विपद्‌हरुको आवश्यकताको लगत संकलन गरी आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्ने ।

**५. नगरकार्यपालिकाको निर्णय :–** मनसुनजन्य, आगलागी, बाढि पहिरो, डुवान र भुकम्प लगायतका विपद्‌हरुको आवश्यकताको लगत संकलन गरी आवश्यक सामाग्रीहरु खरिद गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

अनुसुची –२

प्रस्ताव नं. ५

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश ।

**विषय: शिक्षा शाखामा लागेको तालाबन्दी खोल्ने सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०७/१९

**१.विषयको संक्षिप्त व्यहोरा:–** ने.बि. संग प्यूठानद्धारा प्यूठान नगरपालिकाको शिक्षा शाखामा गरेको तालाबन्दी खोल्नको लागि आवश्यक कार्यहरु गर्नुपर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** ने.बि. संग प्यूठानद्धारा प्यूठान नगरपालिकाको शिक्षा शाखामा गरेको तालाबन्दी खोल्नको लागि एक कार्यसमिति तयार गरी कार्यसमितिलाई ताला खोल्नको लागि आवश्यक सम्पूर्ण पूर्वतयारी सहित कार्यदिश दिई काम अगाडी बढाउनु पर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–** ने.बि. संग प्यूठानद्धारा प्यूठान नगरपालिकाको शिक्षा शाखामा गरेको तालाबन्दी खोल्नको लागि रहेका विभिन्न विद्यमान ऐन कानून अन्तर्गत रही कार्ययोजना तयार गरी शिक्षा शाखाका कार्यक्रमहरु शाखाबाट संचालन हुने वातावरण तयार गर्नुपर्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** तपसिल अनुसारको निर्णय हुनपर्ने ।

क समिती गठन का सम्बन्धमा

उपरोक्त समस्या समाधान का लागी नगर उपप्रमुख को संयोजकत्वमा ३ सदस्यीय समिति देहाय बमोजिम रहने गरी निर्यण गनुपर्ने

संयोजक देबेन्द्र बर्मा

सदस्य सुमन श्रेष्ठ

सदस्य रेशम कार्की

सदस्य नन्दे पुन

सदस्य सचिब प्रशासन शाखा प्रमुख

ख कार्यदिश सम्बन्धमा उक्त समिति लाई देहाय बमोजिम कार्यदिश दिने

१ बिद्यमान कानुनी प्राबधान हरुको अध्ययन गर्ने

२ सरोकारवालाहरु संग बार्ता,छलफल गर्ने

३ आबश्यकता अनुसार बिषयबिज्ञ संग छलफल गर्ने

४ समस्या समाधान सहित उपयुक्त बिकल्प सहित को प्रतिबेदन १५ दिन भित्र पेश गर्ने

## ५. नगरकार्यपालिकाको निर्णय :-

उपरोक्त समस्या समाधान का लागी नगर उपप्रमुख को संयोजकत्वमा ३ सदस्यीय समिति देहाय बमोजिम रहने गरी निर्यण गनुपर्ने

संयोजक देबेन्द्र बर्मा

सदस्य सुमन श्रेष्ठ

सदस्य रेशम कार्की

सदस्य नन्दे पुन

सदस्य सचिब प्रशासन शाखा प्रमुख

ख कायदिश सम्बन्धमा उक्त समिति लाई देहाय बमोजिम कार्यदिश दिने

१ बिद्यमान कानुनी प्राबधान हरुको अध्ययन गर्ने

२ सरोकारवालाहरु संग बार्ता,छलफल गर्ने

३ आबश्यकता अनुसार बिषयबिज्ञ संग छलफल गर्ने

४ समस्या समाधान सहित उपयुक्त बिकल्प सहित को प्रतिबेदन १५ दिन भित्र पेश गर्ने गरि समिति गठन र कायदिश दिने सर्बसहमत निर्याण गरियो ।

प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ६
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला लुम्विनी प्रदेश।

**विषयः** वेसार प्रशोधन केन्द्र स्थापना तथा व्यवस्थापन सम्वन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८०/०६/२९

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका वडा नं. ८ मा रहेको प्रयोग बिहीन वडा कार्यालय भवनलाई वेसार प्रशोधन केन्द्रको रुपमा स्थापना गरी उक्त व्यवस्थापन केन्द्रको व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका वडा नं. ८ मा वडा कार्यालय स्थापनाको लागि निर्मित भवन हाल प्रयोग बिहीन रहेकोले उक्त भवनलाई बेसार प्रशोधन केन्द्रको रुपमा स्थापना गर्नु उपयुक्त रहेको ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** जापान सरकारको सहयोगमा प्यूठान नगरपालिका वडा नं. ८ मा संचालन हुने बेसार प्रशोधन केन्द्रलाई व्यवस्थित रुपमा संचलान गर्न आवश्यक आधारभुत सुविधा पुर्ती गर्नुपर्ने तथा सो केन्द्रको कार्यप्रणालि लाई निर्दिष्ट गर्नका लागि नगरपालिकाले निर्माण गरेको कार्यबिधी समेत पारित गर्नुपर्ने ।

४. **निर्णय हुनुपर्ने व्यहोराः-** प्यूठान नगरपालिका वडा नं. ८ मा निर्माण गरिएको प्रयोग बिहिन वडा कार्यालयलाई बेसार प्रशोधन केन्द्रको रुपमा स्थापना गरी उक्त वेसार प्रशोधन केन्द्रलाई व्यवस्थित वनाउन बाटो मर्मत, विजुली जडान तथा रङरोगनको कार्यलाई अगाडी बढाउने र **" बेसार उत्पादन, प्रशोधन तथा विक्री वितरण कार्यक्रम संचालन कार्यबिधी , २०८०"** समेत कार्यपालिकावाट पारित गर्नु पर्ने ।

**५. नगरकार्यपालिकाको निर्णय :-**

प्यूठान नगरपालिका वडा नं. ८ मा निर्माण गरिएको प्रयोग बिहिन वडा कार्यालयलाई बेसार प्रशोधन केन्द्रको रुपमा स्थापना गर्ने उक्त वेसार प्रशोधन केन्द्रलाई व्यवस्थित वनाउन बाटो मर्मत, विजुली जडान तथा रङरोगनको कार्यलाई अगाडी बढाउने र **" बेसार उत्पादन, प्रशोधन तथा विक्री वितरण कार्यक्रम संचालन कार्यबिधी , २०८०"** समेत कार्यपालिकावाट सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

अनुसुची –२

प्रस्ताव नं. ७

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

**विषय: चिस्यान केन्द्र मर्मत सम्वन्धमा।**

ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०६/२९

**१.विषयको संक्षिप्त व्यहोरा:–** प्यूठान नगरपालिका वडा नं. ४ मा निर्माण भएको चिस्यान केन्द्रलाई तत्काल संचालनमा ल्याउन कठिन भएकोले उक्त चिस्यान केन्द्रलाई मर्मत संभार गरि प्रभावकारी रुपमा संचालन गर्नु पर्ने

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** प्यूठान नगरपालिका वडा नं. ४ मा निर्माण भएको चिस्यान केन्द्र मर्मत गरि प्रयोगमा ल्याउन उपयुक्त हुने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–** प्यूठान नगरपालिका वडा नं. ४ मा निर्माण भएको चिस्यान केन्द्र प्रयोग विहिन भएकोले तत्काल मर्मत गरि प्रयोगमा ल्याउन उपयुक्त हुने।

४. प्यूठान नगरपालिका वडा नं. ४ मा निर्माण भएको चिस्यान केन्द्रलाई तत्काल संचालनमा ल्याउन कठिन भएकोले उक्त चिस्यान केन्द्रलाई मर्मत संभार गरि प्रभावकारी रुपमा संचालन गर्न कार्यपालिकावाट पारित गर्नु पर्ने।

**नगरकार्यपालिकाको निर्णय :–**

ठान नगरपालिका वडा नं. ४ मा निर्माण भएको चिस्यान केन्द्रलाई तत्काल संचालनमा ल्याउन कठिन भएकोले उक्त ान केन्द्रलाई मर्मत संभार गरि प्रभावकारी रुपमा संचालन गर्ने निर्णय सर्वसहमतीवाट गरियो।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

अनुसुची –२

प्रस्ताव नं. ८

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्बिनी प्रदेश।

**विषयः सि.सि. क्यामरा जडान सम्वन्धमा।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०६/२९

**१.विषयको संक्षिप्त व्यहोराः–** प्यूठान नगरपालिकाका विभिन्न स्थानमा सि.सि. क्यामरा जडान गर्नु पर्ने

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** प्यूठान नगरपालिका भित्रका मुख्य चोकहरुमा सुरक्षाको लागि सि.सि.क्यामरा जडान गर्न आवश्यक देखिएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः–** प्यूठान नगरपालिका भित्र सुरक्षाको लागि मुख्य स्थानहरुमा सि.सि. क्यामरा जडान गर्न उपयुक्त हुने।

**४. निर्णय हुनु पर्ने व्यहोरा :–** प्यूठान नगरपालिकाका विभिन्न स्थानहरु क्वाँडी, जुम्री (पुल वारि /पारी ), विजुवार र वाग्दुलाका मुख्य चोकहरुमा सुरक्षाको लागि सि.सि. क्यामरा जडान गर्ने निर्णय कार्यपालिकावाट पारित गर्नु पर्ने।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिकाका विभिन्न स्थानहरु क्वाँडी, जुम्री (पुल वारि /पारी ), विजुवार र वाग्दुलाका मुख्य चोकहरुमा सुरक्षाको लागि सि.सि. क्यामरा जडान गर्ने निर्णय सर्वसहमतीवाट गरियो।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

अनुसुची –२

प्रस्ताव नं. ९

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश ।

**त्रेषय: क्यान्टिन संचालन सम्वन्धमा ।**

ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०६/२९

**१.विषयको संक्षिप्त व्यहोरा:–** प्यूठान नगरपालिकाको कार्यालयमा निर्माण भएको क्यान्टिन संचालन गर्नु पर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** प्यूठान नगरपालिकामा संचालन हुने विभिन्न कार्यक्रम तथा कर्मचारीहरुलाई सहजताको लागि खाजा व्यवस्थापन गर्न तथा नगरपालिकामा खाजा खर्च बापतको आर्थिक भार कम गर्नको लागि क्यान्टिन संचालन गर्न आवश्यक देखिएको ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–** प्यूठान नगरपालिकाको क्यान्टिन संचालनका गर्न आवश्यक प्रकृया अगाडी वढाउन उपयुक्त देखिएको ।

**४. निर्णय हुनु पर्ने व्यहोरा :–** प्यूठान नगरपालिका परिसर भित्र रहेको क्यान्टिन जुन प्रयोजनका लागि निर्माण भएको हो उक्त भवनलाई सोही प्रयोजनमा संचालन गर्नको लागि आवश्यक सूचना प्रकाशित गर्नुपर्ने । साथै क्यान्टिन संचालनको लागि न्यूनतम भाडादर तोक्ने निर्णय हुनुपर्ने ।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिका परिसर भित्र रहेको क्यान्टिन प्रयोजनका लागि निर्माण भएको हो उक्त भवनलाई सोही कार्यालय क्यान्टीन प्रयोजनमा संचालन गर्नको लागि भाडामा दिने । उक्त क्यान्टीन भाडामा लगाउदा बिजुली बत्ती पानी को महसुल क्यान्टीन संचालक ले नै ब्यहोर्ने गरी मासिक रु १००००। निर्धारण गर्ने क्यान्टीन भाडामा लगाउदा नगरपालिका ले निर्धारण गरेको आईटमहरुमा प्रतिष्पर्धामा गराई क्यान्टीन संचालन गर्ने निर्णय गरियो ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**

अनुसुची –२

प्रस्ताव नं. १०

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्बिनी प्रदेश ।

**विषय: कृषि संकलन केन्द्र मर्मत सम्वन्धमा ।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०६/२९

**१.विषयको संक्षिप्त व्यहोरा:–** प्यूठान नगरपालिका कार्यालयवाट वडा नं. ८, वाग्दुलामा निर्माण भएको कृषि संकलन केन्द्र हाल संचालनमा नरहेकोले उक्त संकलन केन्द्र पुन: मर्मत गरि संचालनमा ल्याउन उपयुक्त वनाउनु पर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** प्यूठान नगरपालिकाको कृषि संकलन केन्द्रलाई पुन: संचालनमा ल्याउनको लागि प्राविधिक लगत इष्टिमेट गरि मर्मत गर्न आवश्यक देखिएको ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–**

**४. निर्णय हुनु पर्ने व्यहोरा :–** प्यूठान नगरपालिकाको कृषि संकलन केन्द्रलाई पुन: संचालनमा ल्याउनको लागि प्राविधिक लगत इष्टिमेट तयार गरि मर्मत गर्ने र संचालनमा ल्याउने निर्णय कार्यपालिकावाट पारित गर्नु पर्ने ।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिकाको कृषि संकलन केन्द्रलाई पुन: संचालनमा ल्याउनको लागि प्राविधिक लगत इष्टिमेट तयार गरि मर्मत गर्ने र संचालनमा ल्याउने निर्णय सर्वसहमतीवाट गरियो ।

नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

१९/०७/१७

**नगर प्रमुख**

अनुसुची –२

प्रस्ताव नं. ११

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्बिनी प्रदेश।

**विषयः विविध सम्वन्धमा।**

स्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०८०/०६/२९

**१.विषयको संक्षिप्त व्यहोराः–** भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ संशोधन, नगरपालिका स्तरिय खुल्ला कवड्डी प्रतियोगितालाई मेयर/ उप मेयर कोषवाट रु. २५ हजार सहयोग, भित्रिकोट दौड व्यवस्थापन रु. १ लाख, जिल्ला सहकारी संघ आर्थिक सहयोग रु. ५० हजार, साइवर क्राइम सम्बन्धी नेशनल कन्फेरेन्सको लागि आर्थिक सहयोग रु. ५० हजार तथा राष्ट्रिय वाल साहित्य सम्मेलन रु. १ लाख सहयोग प्रदान गर्ने।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :–** भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ संशोधन, नगरपालिका स्तरिय खुल्ला कवड्डी प्रतियोगिता मेयर/ उप मेयर कोषवाट रु. २५०००/ सहयोग र भित्रिकोट दौड व्यवस्थापन रु. १०००००/, जिल्ला सहकारी संघ आर्थिक सहयोग रु. ५००००/, साइवर क्राइम सम्बन्धी नेशनल कन्फेरेन्सको लागि आर्थिक सहयोग रु. ५००००/तथा राष्ट्रिय वाल साहित्य सम्मेलन रु. १०००००/ सहयोग गर्नुपर्ने देखिएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः–**

**४. निर्णय हुनु पर्ने व्यहोरा :–**

१. क) भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ को परिच्छेद १ को दफा (२) ग" मा समिति भन्नाले प्यूठान नगरपालिका आर्थिक विकास समिति हुनु पर्ने।

ख) भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ को परिच्छेद २ को दफा (११) मा समितिवाट छनौट भएका कृषक समुह/ कृषकलाई मुल्याङ्कन गरि प्रति गोठ गाई/भैसीको भकारो सुधारको लागि लाग्ने रकमको ५० प्रतिशत वा वढीमा १५०००/ सम्म जुन कम हुन आउछ तेति वरावरको रकम अनुदान उपलब्ध गराउन सकिनेछ।

ग) भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ को परिच्छेद २ को दफा (१३) मा कार्यक्रमको नियमित अनुगमन परिच्छेद -२ क" को ७ बमोजिम समितिले गर्ने छ, अनुगमन गरे वापत नगरपालिकाको नियमानुसार यातायात खर्च तथा भत्ताको व्यवस्था प्यूठान नगरपालिकाले गर्नेछ। (संशोधन)

२. नगरपालिका स्तरिय खुल्ला कबड्डी प्रतियोगिता कार्यक्रम संचालनका लागि मेयर/ उप मेयर कोषवाट रु. २५०००/ सहयोग गर्ने।

३. प्यू.न.पा. वडा नं. ४ र ७ मा संयुक्त रुपमा आयोजना भएको भित्रिकोट दौड व्यवस्थापन रु. १०००००/, जिल्ला सहकारी संघ आर्थिक सहयोग रु. ५००००/, साइवर क्राइम सम्बन्धी नेशनल कन्फेरेन्सको आर्थिक सहयोग रु. ५००००/- तथा राष्ट्रिय वाल साहित्य सम्मेलन रु. १०००००/ सहयोग गर्ने निर्णय कार्यपालिकावाट पारित गर्नु पर्ने।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिल्ला प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

**नगरकार्यपालिकाको निर्णय :–**

१. क) भकारी सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ को परिच्छेद १ को दफा (२) ग" मा समिति भन्नाले प्यूठान नगरपालिका आर्थिक विकास समिति हुनु पर्ने ।

ख) भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ को परिच्छेद २ को दफा (११) मा समितिवाट छनौट भएका कृषक समुह/ कृषकलाई मुल्याङ्कन गरि प्रति गोठ गाई/भैसीको भकारो सुधारको लागि लाग्ने रकमको ५० प्रतिशत वा वढीमा १५०००/ सम्म जुन कम हुन आउछ तेति वरावरको रकम अनुदान उपलव्ध गराउन सकिनेछ ।

ग) भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ को परिच्छेद २ को दफा (१३) मा कार्यक्रमको नियमित अनुगमन परिच्छेद -२ क" को ७ बमोजिम समितिले गर्ने छ अनुगमन गरे वापत नगरपालिकाले नियमानुसार यातायात खर्च तथा भत्ताको व्यवस्था प्यूठान नगरपालिकाले गर्नेछ । (संशोधन)

२. नगरपालिका स्तरिय खुल्ला कबड्डी प्रतियोगिता कार्यक्रम संचालनका लागि मेयर/ उप मेयर कोषवाट रु. २५०००/ सहयोग गर्ने ।

३. प्यू.न.पा. वडा नं. ४ र ७ मा संयुक्त रुपमा आयोजना भएको भित्रिकोट दौड व्यवस्थापन रु. १०००००/, जिल्ला सहकारी संघ आर्थिक सहयोग रु. ५००००/, साइवर क्राइम आर्थिक सहयोग रु. ५००००/तथा राष्ट्रिय वाल साहित्य सम्मेलन रु. १०००००/ सहयोग गर्ने निर्णय कार्यपालिकावाट पारित गर्नु पर्ने ।

निर्णय सर्वसहमतीवाट गरियो ।

नगर प्रमुख